# श्री चौक्याल पाण्डेय प्रतिष्ठानको

# विधान (२०८०)

प्रस्तावना,

महान ऋषि उपमन्युका सन्तति तथा चौक्याल पाण्डेय प्रतिष्ठान वंशजहरु आर्य संस्कृतिका अनुयायी हिन्दुधर्मावलम्बी आराध्य ईष्टदेव महादेवक कृपापात्र हरिद्वार, चम्पावत, चौकी (हाल भारतको उत्तराखण्ड ) लगायत स्थानहरुबाट नेपालको सुदुरपश्चिम लगायत देशभित्र र प्रवासमा समेत छरिएर रहेका छन्।

कञ्चनपुर जिल्लाको विभिन्न स्थानहरुमा बसोबास गर्ने चौक्याल पाण्डेय सन्तति बन्धुहरुलाई विभिन्न विषयहरुको अनुसन्धनात्मक खोज गर्ने गराउने सो वंशको धार्मिक, संस्कृति र सामाजिक रीतिरिवाजको संरक्षण सम्बर्धन गर्ने, वंशहरुबीच पारस्परिक सहयोग, सामाजिक सद्भाव तथा पुर्खाहरुले मानि ल्याएका धार्मिक तथा सामाजिक रीतिरिवाजरुलाई समयानुकुल परिमार्जित गर्दै लैजाने र आफ्ना कुलवंशका सन्ततिहरुलाई समाज र राष्ट्र निर्माणको कार्य योगदान पुर्याउन अभिप्रेरित गर्ने, सगोत्रिय बन्धुबान्धवहरुबीच आपसी भाइचाराको सुसम्बन्धलाई प्रगाढ बनाई कायम राख्ने र सुत्रबद्ध बनाउने, " विश्वबन्धुत्वका लागि भ्रातृबन्धुत्व " को भावनाबाट भई सामाजिक, धार्मिक, ऐतिहासिक एवम् सास्कृतिक धरोहरको संरक्षण सम्बर्धन गर्ने र समाजमा लोक कल्याणकारी भावनाको विकास गर्ने एकजुट हुने उद्देस्यक साथ यस श्री चौक्याल पाण्डेय प्रतिष्ठानको विधान संस्था संस्था दर्ता ऐन २०३४ को अधिनमा रहि तर्जुमा गरिएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

क. यस संस्थाको नाम " श्री चौक्याल पाण्डेय प्रतिष्ठान " रहनेछ।

ख. यस संस्थालाई अंग्रेजीमा " Shree Chaukyal Pandey Pratisthan " भनिनेछ।

ग. संस्थाको कार्यालय रहने ठेगाना : यस संस्थाको केन्द्रिय कार्यालय जिल्ला कञ्चनपुर भीमदत्त नगरपालिका वडा नं १० गज्जरमा रहनेछ ।

घ. संस्थाको कार्यक्षेत्रः यस संस्थाको कार्यक्षेत्र कञ्चनपुर जिल्ला भर हुनेछ । सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति लिई अन्य जिल्लामा पनि कार्यक्षेत्र विस्तार गर्न सकिनेछ।

ङ. प्रारम्भः-

यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

# परिच्छेद-२

## उद्देश्य

४. **संस्थाको उद्देश्य:-**

यस संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ :-

क. यो संस्था नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही पुर्ण मुनाफारहित र जनहितकारी सामाजिक संस्था हुनेछ।

ख. उपमन्यु गोत्रीय चौक्याल पाण्डेय सन्तति वंशका वंशजहरुमा पारस्परिक सहयोग, सामाजिक सद्भाव एवम् भातृत्वको विकास गराउने।

ग. उपमन्यु गोत्रीय चौक्याल पाण्डेय कुलवंशमा चली आएका संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज आदिको संरक्षण र सम्बर्धन गर्ने ।

घ. कुलवंशको धार्मिक परम्परा प्रति आस्था जगाउने कुलदेवताको स्थापना गरी कुलदेवताको पूजा गर्ने।

ङ. वंशावली संकलन गरी आमा, छोरी र बुहारी समेत नाम संकलन गरी प्रकाशन गर्ने।

च. उपमन्यु गोत्रीय चौक्याल पाण्डेय कुलवंशको इतिहासको कला, साहित्य, संस्कृति, ताम्रपत्र, आदिको खोज एवम् अनुसन्धान गर्ने।

छ. "उपमन्यु गोत्रीय चौक्याल पाण्डेय सन्तति " सबै बन्धुहरुलाई सक्षम बनाई अन्य थर, विभिन्न संघ संस्था, गैरसहकारी, सहकारी, स्थानीय तहहरुमा मैत्री एवम् सहयोग आदान प्रदान गर्ने।

ज. श्री चौक्याल पाण्डेय प्रतिष्ठानका सदस्यहरुको जिवनस्तर सुधार गर्नका निमित्त विभिन्न समिति, उपसमिति गठन गरी वा संघ संस्थाहरुको संस्थापना गराई सहयोग उपलब्ध गर्ने गराउने।

झ. यस संस्थाले सूचना आदान प्रदान गर्नका लागि विद्युतीय प्रणालीमा आधारित सफ्टवेयर, वेव-साईट तथा विविध एपहरुको निर्माण एवम् प्रयोग गर्ने।

ग. **आजीवन सदस्य :-**

संस्थाको विकासका लागि विशेष योगदान तथा सहयोग पुर्याउने नेपाली नागरिकलाई आवश्यक प्रकृया पुरा गरी (तोकिएको शुल्क समेत ) आजीवन सदस्यता प्रदान गर्ने सकिनेछ ।

घ. **संरक्षक सदस्य :-**

श्री चौक्याल पाण्डेय प्रतिष्ठानको उत्थानका लागि कम्तिमा रु.२०,००० /- बिस हजार वा सो भन्दा बढी नगद वा सो रकम बराबरको कुनै चाल अचल भौतिक सम्पति वा सेवा प्रदान गर्ने चौक्याल पाण्डेय थर वंसका व्यक्तिलाई केन्द्रिय समितिले यस संस्थाको संरक्षक सदस्यता प्रदान गर्ने छ।

ङ. **मानार्थ सदस्य:-**

संस्थाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई कानुन बमोजिमको प्रकृया पुरा गरी संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:**

क. नेपाली नागरिक हुनु पर्ने ।

ख. उपमन्यु गोत्रीय चौक्याल पाण्डेय सन्तति भएको।

ग. १८ वर्ष उमेर पुरा भएको।

घ. मानसिक सन्तुलन नगुमाएको ।

ङ. सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको।

च. नैतिक पतन देखिने फैजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको।

छ. प्रचलित कानुनले अयोग्य ठहर नगरेको।

ज. उपमन्यु गोत्रीय चौक्याल पाण्डेय सन्तति विवाहित छोरीहरुको हकमा समेत सदस्यता लिन सक्नेछन।

**८. संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल हुन नसक्ने अवस्था :-**

क. गैर नेपाली नागरिक ।

ख. उपमन्यु गोत्रीय चौक्याल पाण्डेय सन्तति नभएको।

ग. १८ वर्ष उमेर पुरा नभएको।

घ. सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको।

ङ. नैतिक पतन देखिने फैजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको।

च. प्रचलित कानुनले अयोग्य ठहर गरेको।

छ. मगज विग्रेको वा बौलाएको ।